# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## पाँचखाल नगरपालिका, काभ्रे

## २०७९

## विषय सुची


१.पृष्ठभूमि ............................................................ १

२.अवस्था विश्लेषण ............................................................ ६

२.१. SWOT विश्लेषण ............................................................ ३

२.२. सरोकारवाला पहिचान ............................................................ ९

२.३. लक्षितवर्ग पहिचान ............................................................ १०

३. दीर्घकालिन सोच (Vision) ............................................................ ११

४. ध्येय (Mission) ............................................................ ११

५. लक्ष (Goal) ............................................................ ११

६. उदेश्य (Objectives) ............................................................ ११

७.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ............................................................ १२

८. लैससास रणनीति (GESI Strategy) ............................................................ १३

८.१ मूल प्रवाहिकरण ............................................................ १३

८.२ समावेशीकरण ............................................................ १३

८.३ स्थानीयकरण ............................................................ १३

८.४ सशक्तिकरण ............................................................ १३

८.५ सचेतीकरण ............................................................ १४

८.६ संस्थागत संरचना ............................................................ १४

८.७ समन्वय ............................................................ १४

८.८ सहकार्य ............................................................ १५

८.९ सहजीकरण ............................................................ १५

८.१० सामाजिक सुरक्षा ............................................................ १५

८.११ अनुगमन मूल्याङ्कन ............................................................ १५

९. रणनैतिक कृयाकलापहरु ............................................................ १६

१०. वित्त व्यवस्थापन........................................................................................२४
११. कानूनी व्यवस्था........................................................................................२४
१२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व........................................................२४
१२. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था......................................................२४
१३. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु.................................................................२५
१३. संभाव्य जोखीम.........................................................................................२५
१३.२ जोखीम न्यूनीकरणका उपायहरु.........................................................................२५
१४ निश्कर्ष....................................................................................................२६

## १.पृष्ठभूमि :

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्य

क्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ।सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच र लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने लगायतका उद्देश्यसहित पन्ध्रौं आवधिक योजना कार्यान्वयनमा रहेको छ।लैङ्गिक समानताका लागि विगतका प्रयासहरूले महिलाको शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व तथा श्रम सहभागितामा

राज्यका निकायमा सहभागिता आदिमा सकारात्मक परिवर्तन हुनुका साथै महिलाको राजनीतिक तथा आर्थिक भूमिका प्रभावकारी हुँदै गएको छ । यद्यपि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक माथि हिंसा, विभेद, असमानता एवम् सामाजिक हानिकारक अभ्यासहरू कायम नै रहेका छन् । मुलुकले अङ्गीकार गरेको सङ्घीय ढाँचा र नयाँ शासकीय स्वरूप अनुरूप विगतमा नेपाल सरकारबाट महिला सशक्तिकरण तथा हिंसा, विभेद र असमानताका लागि भए गरेका कार्य प्रदेश तथा स्थानीय तह समेतमा हस्तान्तरण भैसकेका छन् । दिगो विकासको लक्ष्य नं. ५ मा उल्लिखित लैङ्गिक समानता र सशक्तिकरणको लक्ष्य प्राप्तिका लागि सूचकहरू निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेकोs स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ। यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

<u>**रणनीतिका प्रमुख उपयोगकर्ताहरु:**</u>

नगरकार्यपालिकाको कार्यालय

वडा कार्यालयहरु

विकास साझेदारहरु

स्थानीय गैह्रसरकारी संघ संस्थाहरु

लैससासका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैङ्गिक समानताको स्थापनाका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउँदै राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री बनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापना गर्न, ,अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्नका लागी **पाँचखाल नगरपालिकाको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"** तयार गरिएकोछ ।

## १.१नगरपालिकाको संक्षिप्त परिचय :

पाँचखाल नगरपालिका जिल्लाको पूर्वी भागमा अवश्थित छ ।समुन्द्र सतहबाट ९३७ मिटरको उचाईमा अवश्थित यव नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको तत्कालिन साविक सातवटा गाविस मिलि हाल पाँचखाल नगरपालिकाको प्रशासनिक संरचना बनेको छ।नगरपालिकाको कूल क्षेत्रफल १०२.९५ वर्ग कि.मि.रहेको छ ।यहाँको जमिन उर्वर रहेको हुनाले कृषि र पशुपालनका लागी उत्तम रहेको ज नगरपालिकामा बहु-सम्प्रादायिकजातजाती पाउन सकिन्छ ।पालिकाको कूल जनसंख्या ४२०११ रहेकोमा युवा (२५-२९) वर्षका अधिक छन भने ७०-७४ वर्षका जम्मा ७३२ कम जनसंख्या रहेको छ भने अपाङता भएका व्यक्तीको जनसंख्या ३९३ रहेका छन।पाँचखाल नगरपालिकामा विस थरिका जातजाती बसोबास गर्छन जस मध्ये ब्राम्हणको २८.८९% , तामाङ, २१.९३% दनुवार, १२.३८%,क्षेत्री ८.७५% बसोबास रहेको छ । विशेष सिमान्तकृत जातीका रुपमा दनुवार जातीलाई पहिचान गरिएको छ ।

**जनसांखिक विवरण:**

| वडा नं | घरधूरी | पुरुष | महिला | तेश्रिलिङगी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८५६ | २०२८ | २१७२ | ० | ४२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ८७७ | २००२ | २०८७ | ० | ४०८९ |
| ३ | ५७८ | १२७३ | १२७२ | ० | २५४५ |
| ४ | ७२३ | १५९७ | १५८१ | ० | ३१७८ |
| ५ | ५९९ | १२८९ | १३६५ | ० | २६५४ |
| ६ | ११९० | १९४६ | २०१४ | १ | ३९६१ |
| ७ | ४७३ | ११२५ | ११४८ | १ | २२७४ |
| ८ | ७०८ | १८०५ | १७३० | ० | ३५३५ |
| ९ | ७७९ | १६६१ | १७१६ | ० | ३३७७ |
| १० | ४८७ | १००४ | १११२ | १ | २११७ |
| ११ | ६८१ | १४५७ | १३९५ | ० | २८५५ |
| १२ | १०१४ | २४३२ | २२८८ | १ | ४७२१ |
| १३ | ४९६ | १२०४ | १३०१ | ० | २५०५ |
| जम्मा | ९३८१ | २०८२३ | २११८४ | ४ | ४२०११ |

**साक्षारता** :कूल जनसंख्या ४२०११मध्ये जम्मा ९३.९% साक्षर रहेका छन ।

पाँचखाल नगरपालिका शहरिकरण तर्फ उन्मुख भईरहेका कारण अवसर, सम्भावना र चुनौती पनि अधिक नै छन्। आगामी नीति कार्यक्रममा लैङगिक समानता तथा समावेशी कार्यक्रमका लागी वार्षिक बजेट विनियोजन भएको छ ।तथापी कार्यान्वयनमा समन्वय र सहकार्य सहजता भएमा यो रणनितिको औचित्यता रहने छ। वार्षिक कार्यक्रम र LISA को नतिजालाई मध्यनजर गर्दा नगरपालिकाका धेरै कार्यक्रम समावेशी तर्फ उन्मुख रहेका छन् ।

## रणनीतिक योजनाको आवश्यकता:

विकासका प्रतिफलहरु जनता समक्ष पुर्याउन एवम सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको सिर्जना गर्नका लागी त्यस क्षेत्रको वास्तविक बस्तुस्थितिको सन्दर्भमा प्रमुख आवश्यकता भउको छ।आज विश्वव्यापीकरणको युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरु अगाडी बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुन जरुरी हुन्छ। लैससासको नीति तथा कार्यविधि बनाएर योजना कार्यक्रम तथा बजेटको तर्जुमा गरि नसकेको विद्यमान अवश्थमा सो सम्बन्धि नीति, योजना, कार्यक्रमहरुमा लैङगिक सम्बेदनशिलताको अभाव खड्किएको छ फलस्वरुप लैङगिक उत्तरदायी बजेट प्रणालीका आधारभूत पक्षहरु समेत ओझेलमा परेका छन् ।जस्ले गर्दा लैङगिक मूलप्रवाहीकरणका प्रयासहरुमा महिला ,दलित ,पिछडिएका समूहको सारभूत सहभागिता भन्दा औपचारिक प्रतिनिधित्वमा सिमित हुन पुगेको छ ।

विकास प्रकृयामा मुख्यतया ३ वटा प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न ऐले म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पाँचखाल नगरपालिका क्षेत्रमा रहेका अन्य विकास साझेदारहरु वाट हुने कार्यक्रमहरुले आ आफ्नो ढंग वाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम संचालन तथा कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना नआउनका लागी , कार्यान्वयन गर्न अप्ठेरो नहुन र कार्यक्रमको प्रभावकारिता समेत हुने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम र आयोजनाका लागि यो रणनिति मार्गदर्शन हुने छ ।

लैङगिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै लैससास क्षेत्रमा नीतिगत तथा ब्यवहारिक तवरबाट सुधारयोग्य पहलहरु भएका छन् ।दलित , महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासि, जनजाति, विपन्न वर्ग र जोखिममा परेका व्यक्तिहरु लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य रुपमा सुधार हुन सकिरहेको तथा सबै लक्षित वर्ग/समुदायहरुलाई संगठित गरी उनिहरुको आवाज र आवश्यकतालाई सम्बोधन गर्न सकिरहेको अवश्था छैन ।समाजमा विभिन्न गलत चलन र अभ्यास विद्यमान भएका कारण प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रम प्रभावकारी रुपमा संचालन हुन सकिरहेका छैनन् ।राज्यको स्रोत, साधन, अवसर र लाभको वितरण प्रकृयालाई पारदर्शी र जवाफदेहि बनाउन जरुरी रहेको छ ।लैससास क्षेत्रमा हाल भई रहेका अभ्यासहरुलाई संस्थागत गर्दै **पाँचखाल नगर पालिका** लैससास मैत्री बनाउन यो रणनीतिको आवश्यकता रहेको छ।

१. स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधामा लक्षित वर्गको पहुँच बृद्धि गर्न ।

२. स्थानीय सरकारको नीति निर्माण तथा निर्णय प्रकृयामा लक्षित वर्गको अर्थपूर्ण हभागिता बृद्धि गर्न।

३. स्थानीय सरकारको अनुगमन तथा मूल्याकंनमा लक्षित वर्गको  अर्थपूर्ण हभागिता बृद्धि गर्न ।

४ स्थानीय सरकारमा सामाजिक समावेशीकरणका अभ्यसासहरुलाई संस्थागत गर्न ।

५ स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटलाई लैङगिक उत्त रदायी बनाउन ।

६ बञ्चितिमा परेका वर्ग र समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न ।

७ दीर्घकालिन राष्ट्रीय लक्ष्य प्रासीका लागी तहगत सरकारहरुबाट सम्पादन हुने विकास कार्यक्रम विच परिपुरक सम्बन्ध कायम गर्न ।

## १.२ लैससास रणनीतिको आधारहरु :

संघीय सरकार प्रदेश सरकार, , विभिन्न सहयोगी निकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।कुनै पनि रणनितिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धी सुनिश्चित गर्न स्थानीय सरकारका साथै अन्य रोकारवाला, सामाजिक संघ संस्था र नीजि क्षेत्रको यथोचित अग्रसरता र अर्थपूर्ण सहकार्य अपेक्षित हुन्छ ।नगरपालिकाका विभिन्न ऐनकानुन,कार्यविधि वार्षिक नीति कार्यक्रम तथा बजेट विनियोजन प्रकृतिको परिवेशको अध्ययन पश्चात यस नगरपालिकाको पाँचवर्षे रणनिति तर्जुमाका लागी वडाध्यक्ष, कार्यपालिका सदस्य तथा कर्मचारीको सहभागितामा एक दिवशीय कार्यशालाको आयोजना गरीएको थियो । रणनीतिक योजनाको सफल कार्यान्वयन र समावेशी आर्थिक ,सामाजिक ,राजनैतिक र सांस्कृतिक विकासको लक्ष्य हाँसिल गर्न यस नगरपालिकाले आफ्नो पाँच वर्षे रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । **रणनीति तर्जुमाका निम्न आधार रहेका छन्:**

१.नगरपालिकास्तरिय कार्यशाला संचालन ।

२.जनप्रतिनीधि तथा शाखाका कर्मचारी संग अन्तरवार्ता र वस्तुस्थिति विश्लेषण ।

३.दस्तावेज अध्ययन (नगरपालिकाको पार्श्वचित्र २०७६,वार्षिक निति ,कार्यक्रम तथा बजेट २०७८/७९,ऐन,कानुन,पालिकाका महत्वपूर्ण निर्णयहरु)

४.नेपालको संविधान २०७२,दीगो विकास लक्ष्य ,पन्ध्रौ योजनाको समावेशी नीति तथा रणनीति, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राष्ट्रिय सामाजिक समावेशी नीति २०७७,महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको राष्ट्रिय लैङगिक समानता नीति २०७७,नगरपालिकाको वार्षिक योजना तथा प्रगति प्रतिवेदन।

## २. अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य रुपमा तीन वटा तपशिलका क्षेत्र निर्धारण गरिएकोछ :

## २.१ अवश्था विश्लेषण (SWOT)

यसरी विश्लेषण गर्दा नीति,कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएकोछ पाँचखाल नगरपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT)हरुलाई यस प्रकार रहेका छन :

### क. बलियो पक्ष (Strength)

१. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गर्ने गरेको ।

२. वार्षिक नीति तथा योजनामा लैससास सम्वन्धि विषयहरु समावेश भएको ।

३. दीगो विकास लक्ष्यलाइ समेट्ने खालको बजेट विनियोजन भएको ।

४. नीति कानून कार्यविधि निर्माण गर्न सक्षम जनशक्तिको उपलव्धता भएको ।

५. न्यायिक समितिमा महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाईएको ।

६. बालमैत्री नगरपालिका घोषणाका लागी सूचकहरु तयार भई विभिन्न साझेदार संस्थासंग सहकार्य थालनि भएको ।

७. महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र संचालनमा रहेको ।

८. स्तनपान कक्षको व्यवस्था भएको ।

९. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।

१०. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन भएको ।

११. विपद व्यवस्थापन कोष परिचालन नीति तथा कार्यविधि निर्माण भएको ।

१२. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको

१३. सवै विद्यालयमा १२वर्ष भन्दा माथीका किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गर्ने गरेको

१४.संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाले सहकार्य. समन्वय गर्ने गरेको ।.

१५. लक्षीत तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको ।

१६. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि पालना गर्ने गरिएको ।

१७ .सिमान्तकृत वर्गलाई नीति तथा कर्यक्रमले सम्बोधन गरेको ।

**ख. कमजोर**

१.लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

२.महिला,लक्षित समूह तथा बेरोजगार गरिबहरुको छुट्टै खण्डिकृत डाटा राखे प्रयास नभएको ।

३.स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको ।

४.लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसी बजेट निर्माण एवम समावेशी परीक्षणलाई वजेट व्यवस्थान नगरिएको।

५.विभिन्न क्षेत्रगत ऐन,कानूनहरुको निर्माण भएता पनि नीतिगत रुपमा लैससास लाई सम्बोधन गर्न सहयोग नपुगेको ।

९.निश्चित प्रतिशत वजेट लक्षित वर्गका लागी विनियोजन नगरिएको ।

१०. .मानव संसाधन विकास शाखाको स्थापना नभएको ।

११. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको।

१२ भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।

१३ योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा हुने नगरेको।

१४. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजन तथा शौचालयहरुको विशेष व्यवस्था नभएको ।

१६.सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नगरीएको ।

१७.लैङ्गिक हिंसा निवारणकोष, श्रोत व्यवस्थापनका लागि कोष स्थापनाको व्यवस्था नरहेको ।

**ग. अवसर**

१.विभिन्न जाती वर्ग र पिछडिएको क्षेत्रमा नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुन पाउने हक ।

२.संवैधानिक आयोगहरुको संरचनागत स्थापना हुनु ।

३.स्थानीय तहका विभिन्न पदहरुमा जातीय ,लैङगिक तथा युवापुस्ताको प्रतिनीधित्व रहेको।

४.विभिन्न जातजाती, समुदाय बिच सामाजिक र संस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको ।

५.आवश्यक पर्ने कानून नीति नियम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु ।

६. विभिन्न गैह्रसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तहलाई सहयोग हुनु ।

७.महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियाशिल भई कार्यरत हुनु ।

८.बालमैत्री ,लैङ्गिक मैत्री, अपाङ्ग मैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु स्थानीय तहमा हुनु।

९.एक घण्टाको पहुँच भित्र सवै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु ।सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने व्यवस्था हुनु ।

१०.नयाँ जनप्रतिनीधिहरु निर्वाचित भएर आउनु ।

११. स्थानीय तहको क्षमता विकास तथा संस्थागत सवलीबरण गर्ने ।

१२.तरकारी उत्पादन,संकलन तथा विक्री केन्द्रको व्यवस्थापन ।

**घ. चुनौतीहरुः**

१.लैससासका लागी आवश्यक खण्डिकृत तथ्याङक संकलन र अभिलेखिकरण नहुनु ।

२.लैङ्गिक विभेद, जस्ता परम्परागत हानिकारक मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता रहनु ।

३.नगरपालिकाका समिति तथा संरचनाहरुलाई समावेशी कार्यशैलिलाई लैससास बनाउन नसक

४.. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम ,कानून, कार्यविधिका बारेमा यथेष्ट जानकारी गराउन नसक्नाले कार्यान्वनमा समस्या ।

५.मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन।

६.संघीयता कार्यान्वयनमा स्थानीय तहलाई छूटै सरकारको मान्यता पाउन नै कठीन ।

७.विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न ।

८.राज्यको स्रोत साधन तथा सेवा सुविधामा बञ्चितिमा परेका वर्ग र समुदायको न्यायोचित पहुँच स्थापित गर्नु।

९.संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।

## २.२ सरोकारवाला पहिचान :

सरोकार पहिचान गर्नुको मूख्य तात्पर्य विद्यमान सवाललाई कति नजिक र कार्य साझेदारीका लागी योग्य हुन सक्छ भनि पहिचान गर्न सकिएमा हालको अवश्थाबाट सकारात्मक परिवर्तनका लागी सहयोग पुग्छ ।सिधा सम्पर्कका सरोकारवालाहरुको कार्यदक्षता र प्रतिवद्धताबाट संस्थागत संरचनामा परिवर्तन आउनका लागी मार्ग निर्देशन गर्छ र दोश्रो र तेश्रो सरोकारवालाको सहयोगी भूमिका मार्फत दीर्घकालिन रुपमा समन्वय, सहकार्य र साझेदारीका लागी स्थानीय सरकारको विकास कार्यमा हातेमालो गर्दै अगाडि बढ्न सहयोग पुग्छ ।

सरोकारवाला पहिचान गर्दा पहिलो सिधा संपर्क हुने ,दोश्रो माद्यमबाट संम्पर्क हुने र तेश्रो अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गर्न सकिने छ :

| सिधा सम्पर्क हुने पहिलो सरोकारवालाहरु | दोश्रो माद्यमवाट संपर्क हुने सरोकारवालाहरु | अप्रत्यक्ष संपर्क हुने हरु सरोकारवालाहरु |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| प्रशासन शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैंक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| योजना शाखा | विद्यालयहरु | दलित आयोग |

| सिधा सम्पर्क हुने पहिलो सरोकारवालाहरु | दोश्रो माध्यमवाट संपर्क हुने सरोकारवालाहरु | अप्रत्यक्ष संपर्क हुने हरु सरोकारवालाहरु |
|---|---|---|
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माध्यमहरु | राष्ट्रिय स्तरका संचार माध्यमहरु |

## २.३ लक्षित वर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुख्य लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो । विद्यमान अवश्थामा लैससासका समस्या र सवाललाई स्थानीय तहमा सबै लक्षितवर्ग समुदायको खण्डिकृत तथाङ्कलाई व्यवस्थित गर्न सकेमा मात्र उक्त सवाल सम्बोधनका लागी सहि रुपमा नीति कार्यक्रम तय गर्न सकिन्छ ।त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ :

| | |
|---|---|
| १. महिला | ९. दलित |
| २. एकल महिला | १०. आदिवासी जनजाती |
| ३. बालबालिका | ११. विपन्न वर्ग |
| ४. जेष्ठनगारिक | १२. सुकुम्वासी |
| ५. किसान | १३. पिछडिएको क्षेत्र र समुदाय |
| ६. मजदुर | १४. दनुवार (सिमान्तकृत वर्ग ) |
| ७. अपाङ्गता भएका व्यक्ति | १५. लैङ्गिक तथा यौनिक अल्पसंख्यक |
| ८. द्वन्द्वपिडित | |

यस नगरपालिकाको विद्यमान अवश्थाका बारेमा जानकारी हांसिल गरी **अहिलेको अवश्था के छ, कहाँ छु? भन्ने विषयमा विश्लेषण गरिसकेपछि अब कहाँ जाने? र उक्त अवश्थामा पुग्नका लागी कसरि सम्भव छ?** भनि नगरपालिकाको कमजोरी पक्षलाई पहिचान गरी सवलपक्ष र अवसरलाई आधार मानि कार्यान्वयन गर्नका लागि **नगरपालिकाको पाँच वर्षको रणनीति तर्जुमा गरिएको छ ।**

## ३.दीर्घकालीन सोच (Vision)

" न्यायपूर्ण,लैङ्गिक तथा सामाजिक समावेशी विभेदमुक्त पाँचखाल शहर"

**४.ध्येय (Mission )"लैङगिक समानता तथा सामाजिक समावेशी सम्बन्धित विद्यमान सबै खालका असमान ब्यवहार र विभेदको अन्त्य गरी समतामूलक,समृद्ध र समुन्नत नगरपालिकाको निर्माण गर्ने"।**

**५.लक्ष (Goal): लैससास सम्बन्धी समाजमा विद्यमान मूल्य.मान्यता. संस्कार र ब्यवहारमा परिवर्तन ल्याईनुका साथै बन्चितिकरणमा परेका वर्ग र समुदायका सवाललाई मूलप्रवाहिकरण गर्दै लैजाने ।**

## ६.उद्देश्य (Objective)

१. यस नगरपालिकामा विद्यमान विभिन्न भेदभावजन्य प्रचलन, संस्कार र ब्यबहारमा (लैङगिक, वर्गिय ,क्षेत्रगत समूदायगत जातजातिगत) कमी ल्याउने खालका अभियान संचालनमा जोड दिने ।

२.नीति निर्माण तथा निर्णय प्रकृयामा लक्षित वर्गको अर्थपूर्ण सहभागीता वृद्धि गर्ने ।

३.नेपाल सरकारले गरेको दीगो विकासको लक्ष्य प्राप्त गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका हस्ताक्षर, प्रतिबद्धता, सन्धि सम्झौता कार्यान्वयन गरि मूलप्रवाहीकरण गर्ने ।

४.लैङगिक उत्तरदायी शासन पद्दती अबलम्बनका लागी लैङगिक उत्तरदायी बजेट निर्माण तथा समावेशी बजेट परिक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, सिमान्तकृत समूहको बृद्धि गरी लैङगिक अन्तर सम्बन्धीत सवाललाई सम्बोधन गरि लैङगिक मूलप्रवाहिकरण गर्दै लैजाने।

५.विपदको समयमा हुने विभिन्न किसिमका लैङगिक हिंसाबाट महिला तथा बालबालिकाहरुलाई संरक्षण गर्ने ।

६.श्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिबृद्धि गरि न्यायोचित वितरणलाई संस्थागत गर्दै लैससासमैत्री बजेट निर्माण गर्ने।

७.महिला तथा लक्षित वर्गको आवाज सशक्तीकरणका लागी उनिहरुको आवश्यकता र चाहाना प्रति सम्बेदनशील भई क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गर्ने ।

८.संस्थागत व्यवस्था अन्तर्गत कार्यप्रणाली वित्त व्यवस्थापन तथ्याङकमा महिला एवं लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी जाविकोपार्जनमा आत्मनिर्भर बनाउने ।

९.गाउँपालिकाको सबै कार्यक्रम योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन/ मूल्याङ्कन र यसलाई संस्थागत गर्दै लैजाने ।

१०.सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धि कानुन व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउने ।

## ७.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GES I Policy)

सामाजिक समावेशीकरणमा देखिएका चुनौतीहरुको सामना एवं समस्याको समाधान गर्न माथि उल्लेखित उदेश्यहरु परिपुर्तीको लागि निम्न नीतिहरु अवलम्वन गरिनेछः

१.स्थानीय शासनसंग सम्बन्धित नीति कानुन आवधिक योजना विषयगत तथा क्षेत्रगत योजनाको लैससासको दृष्टिकोणबाट तर्जुमा तथा पुनरावलोकन गर्ने ।

२.वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमीसुधार,गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

३.लोकतन्त्रका लाभहरुलाई सबै नागरिक विच न्योयोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्ने ।

४.वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई आगामी वर्षको कायर्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

५.नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक ,अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

६.लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संबोधन गर्नका लागी छुट्टै खण्डिकृत तथ्यांकको व्वस्थापन गरि संरक्षण गर्दै लैजाने।

७. बालमैत्री नगरपालिका घोषणाका लागी विभिन्न साझेदार संस्थाहरुको साझेदारी र पहलमा उचित कार्यक्रमहरु संचालन गरिने ।

८.वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई बढावा दिने ।

९.मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

१०.विभिन्न जातजातीको संस्कृती रितरिवाज रहनसहनको संरक्षण तथा सम्बर्धन गर्नका लागी नगरस्तरमा दनुवार संग्राहलय स्थापना गरिने छ ।

## ८. रणनीतिहरु (Strategies)

लैङगिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहिकरण गर्नका लागी विकेन्द्रित शासन प्रणाली , कुशल सेवा प्रवाह गर्नका लागी संस्थागत संयन्त्रको आवश्यक पर्दछ ।यस रणनीतिमा स्थानीय तहका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अझ बढि लैङगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सहज हुन्छ ।

### ८.१ मूलप्रवाहिकरण:

१.नगरपालिकामा महिला, गरिब र बहिष्करणमा परेका (सिमान्तकृवर्ग) समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान कार्य मार्फत पछाडी परेका वा पारिएका लक्षित वर्ग तथा समूहको सवाल र समस्याको सम्बोधन गरि गाउँपालिकाको विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

२.लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला र सिमान्तकृत समूहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्नुका साथै कानूनी प्रवन्ध, संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समावेशीकरण

विकासका अवसरवाट वञ्चित,श्रोतसाधनमापहुँच नपुगेका लक्षित वर्ग/ समुदायलाई नगरपालिकाको आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गरिने छ।

### ८.३ स्थानीयकरण

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्नुका साथै प्रभावकारी समन्वय मार्फत नगरपालिका लगायतका सेवा प्रदायक संस्थाहरुलाई स्थानीयकरण गरी लैससास प्रति उत्तरदायी र जवाफदेहि बनाउँदै लगिनेछ ।

## ८.४ सशक्तीकरण

१.लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी घरबाहिरका काममा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको उचित मूल्याङ्कन गर्ने ।

२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

३.स्वरोजगार रोजगारी र शीपविकास र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

४.कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

१.लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका वारेमा संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनमा भएका प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरिनेछ ।

२.स्थानीय नागरिक खासगरि पछाडि परेका वा परिएका लक्षित वर्ग समूहको संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिबृद्धि गरी गाउँपालिकाको समग्र विकास प्रकृयामा निर्णायक सहभागिता सुनश्चित गरी आर्थिक तथा सामाजिक विकास गरिनेछ।

## ८.६ संस्थागत संरचना

१.संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए बमोजिम संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा ल्याउनुका साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून, कार्यविधिहरु, संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिमा परेका वर्ग,समूदायको सहभागिता सुनिश्चित गर्दै लैजाने ।

## ८.७ समन्वय

१.गाउँपालिकामा कार्यरत सबै सरोकारवाला तथा शाखा बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा , बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

२.प्रदेश सरकार, संघीय सरकार, विभिन्न सहयोगीनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

१.लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्रका विभिन्न शाखा,ह्रप्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्दै लैजाने ।

## ८.९ सहजीकरण

क. वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

१.नागरिक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

२.सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

## ८.११ . अनुगमन मूल्याङ्कन

प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

## ९.रणनैतिक कृयाकलापहरुः

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि महिलासहभागितामा अभिवृद्धि गर्दै लैङ्गिक समानता तथा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी कानून निर्माण गर्ने। | वार्षिक बजेट निर्माणका क्रममा सामाजिकविकास ,पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउदै लगिने । | लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि का साथै लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १.लैससास मैत्री योजना तर्जुमा,प्राथमिकिकरण प्रकृयामा लक्षितबर्गको सहभागिता सुनिश्चित गर्ने।<br>२.सूचक निर्माणका आधारमा.लैङ्गिक उत्तरदायी प्रकृया बाट आवधिक योजना तर्जूमा गर्ने।<br>३..लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>४.लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने । | १. योजनामा विनियोजन वार्षिक वजेटमा निश्चित प्रतिशत बजेट लैससास मैत्री भएको हुनेछ।<br>२.लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४.योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ। | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४.कार्यपालिका तथा सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई आगामी वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक ,सामाजिक तथा राजनैतिक क्षेत्रका सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराईउँदै वार्षिक रुपमा मूल्याङन गर्दै लैजाने । | ५.लक्षित वर्गको खण्डिकृत विवरणलाई अद्यावधिक गर्दै लैजाने ।<br>६.कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्षलाई सुसुचित गर्ने ।<br>७.जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने।<br>८.दीगो विकास लक्षहरुलाई स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरुको क्षमता विकास गरि परिचालान गर्ने । | ५.लक्षित वर्गको वस्तुगत खण्डिकृत विवरण वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>६.कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरुलाई अभिमुखीकरण भएको हुनेछ ।<br>७.लक्षित वर्गको जीविकोपार्जन हुने खालका निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ।<br>८. लक्षित वर्गको लागि लोकसेवा पुर्वतयारी कक्षा शिक्षा सेवा आयोग सम्बन्धी कक्षा हरु संचालन गर्ने रणनैतिक | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि<br>कार्यपालिका तथा सभाका निर्णय हरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | आवश्यकता। | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १.बेइजिङ सम्मेलनले गरेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी, जनप्रतिनिधिहरु लाई अभिमुखीकरणका लागि योजना तर्जुमा गर्ने ।<br>२.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने। | १.महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२.अन्तराष्ट्रिय संन्धि संझौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरण को उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु कार्यपालिका तथा सभाका निर्णयहरु । |
| ४ | नीति कानूनमा महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने | पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि | संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत | १.लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने । | १.कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन । | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२. कानून विश्लेषणका लागि कार्यदल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | । | महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | २.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>४.योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>५.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६.कानून कार्यविधिमा तथा | २. नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदाहरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४.विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>५.कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक | गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने । सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | अल्पसंख्यकहरु समावेश भएका हुनेछन । समानुपातिक नेतृत्व का लागि कानूनी व्यवस्था भएको हुनेछ । | |
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा | लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>१. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक | महिला, गरीब र बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन | १.संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४. सिमान्तकृत वर्गको भाषा संस्कृति संरक्षण सम्बर्धनका लागी | १. कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३. महिला पुरुष समविकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सशक्तिकरण गर्ने | हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने । <br>२. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने | र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने । <br>क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा , बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने । | ४.सिमान्तकृत जातजातीको संस्कृती रितरिवाज रहनसहनको संरक्षण तथा सम्बर्धन गर्नका लागी बजेट विनियोजन गरिनेछ । <br>५.आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने । <br>६.महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने <br>७.लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा | कार्यान्वयन समिति गठन गरिने छ । <br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ <br>६. लैससास सम्बन्धी सचेतना मुलक व्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | समितिको निर्णय पुस्तिका <br><br>ब्रुसर रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नीति अवलम्वन गर्ने | | प्रकाशन प्रशारण गर्ने । उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | | |
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई प्राथिमिकताका साथ कार्यान्वयन गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धिका साथै सीप विकास मार्फत आर्थिक गतिविधिहरुमा समावेस गरि आत्म निर्भर वनाउने । | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>३. लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२.लैङ्गिक हिंसा निवारण कार्यविधि माइन्यूटहरुप्रत्यक्ष अवलोकन<br>४.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारको उजुरिका लागी सहज वातावरण निर्माणहुनेछ |
| ७. | अनुगमन मूल्याङ्कन गर्ने | शिक्षा स्वास्थ्य खानेपानी तथा | प्रत्येक चरणमा गरिने अनुगमन | १ निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने । | १. सवै निराक्षरहरु साक्षार भएका | १. वार्षिक प्रगती प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परिपाटीलाई संस्थागत गर्ने । | सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | मूल्याङ्कनमा लै दृष्टिकोणबाट अनुगमनमा ससासकोअघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | २.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने।<br>३.स्वरोजगार वन्न चाहाने र वैदेशिक रोजगारीमा जानेका लागी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन<br>४.निरन्तर सार्वजानिक सुनुवाइ वार्षिक रुपमा समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने । | हुनेछन ।<br>२. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३.वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | २. तालीम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु अनुमगन मुल्याङ्न फारम हरु |

**१०.वित्त व्यवस्थापन :** वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरणको कार्य गर्ने प्रचलन सदा रहन सक्दैन।लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

१. संघीय सरकारबाट प्रदान गरिने अनुदान

२. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुबाट वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग साझेदारी सहकार्य गर्ने खालका कार्यक्रम ।

३.स्थानीय आम्दानी /आयस्रोत

४.स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण तथा वित्तीय सहयोग ।

७.सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट थप बजेट व्यवस्थापन ।

**११. कानूनी व्यवस्थाः**

१.लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्नेछ ।

२.रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले छ (६) महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ ।

**१२.रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्वः**

१.लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरेको )

२.आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिनेछ।

३.स्थानीय तहमा कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ ।

**१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था**

१. लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

२.स्थानीय तहमा कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

३. सामाजिक विकास शाखा/ महाशाखा मार्फत लैससास अनुगमन संयन्त्रको स्थापना गरि रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई(प्रमुख प्रशासकीय अधिकृत) समेतलाई सुझाव प्रतिवेदन पेश गर्ने।

४.अनुगमन समितिको संयोजक उपप्रमुख रहने व्यवस्था बमोजिम योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपप्रमुख/ उपाध्यक्षको हुनेछ ।

**१४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु :**

| **संभाव्य जोखीम** | **जोखीम न्यूनीकरणका उपायहरु** |
|---|---|
| लैससासको बुझाईमा एकरुपता नहुनु | लैससासको बुझाईमा एकरुपता ल्याउन सहभागीतात्मक छलफल गरिनुका साथै सवालको प्राथमिकताको लागी नीतिगत व्यवस्था गरिनेछ । |
| सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ । | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने । |
| लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्छ । | स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने । |
| निति कार्यान्वयनमा स्रोतको व्वस्थापन । | स्रोत व्वस्थापनका लागी विभिन्न सरोकार निकाय संघ, संस्था तथा साझेदारहरु संग आवश्यक समन्वय र साझेदार गर्न सकिनेछ । |
| खण्डिकृत तथ्याङ्क तथा सूचाङ्कहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | लक्षित समुदायको गर्ने सूचक निर्धारण गर्ने र लैससासको खण्डिकृत तथ्याङ्कको आधारमा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । |

## १५.निष्कर्ष :

पाँचखाल नगरपालिका शहर उन्मुखतर्फ फट्को मारिरहेको अवश्था छ ।नेपालमा वर्गिकृत जातजाती मध्ये अधिकांस जातीहरुको बसोबास रहेको हुनाले नागरिकका आशा अपेक्षा पनि असिमित रहेका छन।वार्षिक नीति कार्यक्रमले समावेशीताका मुद्दालाई समेट्ने खालका कार्यक्रम तथा योजना निर्माणमा सम्बेदनशील छ।तथापी रणनितिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धी सुनिश्चित गर्न स्थानीय सरकारका साथै अन्य रोकारवाला, सामाजिक संघ संस्था र नीजि क्षेत्रको यथोचित अग्रसरता र अर्थपूर्ण सहकार्य अपेक्षित हुन्छ ।रणनीतिक योजनाको सफल कार्यान्वयन र समावेशी आर्थिक ,सामाजिक ,राजनैतिक र सांस्कृतिक विकासको लक्ष्य हाँसिल गर्न पाँचखाल नगरपालिकाले आफ्नो संस्थागत क्षमता र कार्य पद्दती सुधारमा उचित ध्यान पुर्याउन आवश्यक छ ।लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा बनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । नीतिहरु बनेता पनि कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा रहेको हुनाले अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजानुले निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर प्राप्त भई लक्षमा पुग्न सकिनेछ ।